# उत्पत्तिको पुस्तकमा जग










अप्रिल १२, २०२५को निम्ति अध्याय २

“भोलिपल्ट उनले येशूलाई आफूतिर आइरहनुभएको देखेर भने, “हेर, संसारको पाप उठाइलैजाने परमेश्वरका थुमा!" यूहन्ना १:२९।



बाइबल ६६ पुस्तकहरूका सङ्ग्रह हो। यसमा विभिन्न विधा वा वर्गहरू छन्। कमसेकम १५०० वर्ष लगाएर ४० भन्दा बढी लेखकहरूले बाइबल लेखेका हुन्।.



विभिन्न शताब्दीहरूमा विभिन्न लेखक र विभिन्न ठाउँहरूमा लेखेका बाइबलमा धेरै भिन्नता र मतभेद वा असहमती होला भनेर हामी अपेक्षा गर्छौं। तर जब हामी त्यसमा भएका एक सुरलाई अध्ययन गर्दा बाइबलमा एकता भएको र अझ एक भाग नपढी अर्को भागको अर्थ बुझ्न सक्दैनौं भनेर हामी बुझ्न थाल्छौं।

हामीले बाइबलको व्याख्याको नीति वा सिद्धान्त पढ्नेछौं। बाइबलमा यात्रा गर्दा त्यसमा भएका प्रतिक, चिन्ह र समानान्तर अर्थहरू पत्ता लगाउनेछौं।



पहिलो सिद्धान्त।

उत्पत्ति २२: प्रेम र पाठो

- जसलाई तिमीले प्रेम गर्छौ।"
- "पाठो खोइ?"

उत्पत्ति २-३: मृत्यु र सर्प

- "तिमी निश्चय मर्नेछौ।"
- "सर्प धूर्त थियो।"

# पहिलो उल्लेख गरिएको सिद्धान्त

""येशू ख्रीष्ट हिजो, आज र सदासर्वदा एकसमान हुनुहुन्छ।" हिब्रू १३:८

प्रत्येक सिक्ने कोर्समा पहिलो पाठबाट सुरु हुन्छ। पहिलो पाठमा नै के विषयमा अध्ययन गरिन्छ भनेर रूपरेखा प्रस्तुत गरिन्छ।

पहिलो पाठ उत्पत्तिको पुस्तकमा भएको हामी पाउँछौँ। त्यसमा धेरै मुख्य शब्दहरू पहिलो पल्ट देखा परेको पाइन्छ। तिनीहरूले मुक्तिको योजनाको बारेमा बाइबलभरी देखापरेकोलाई हामीलाई बुझाउँछ।

परमेश्वर परिवर्तन हुन्न (मलाकी ३:६; हिब्रू १३:८)। उहाँको वचन पनि परिवर्तन हुँदैन (यशैया ४०:८)। त्यसकारण, बाइबलका पुस्तकहरू एक आपसमा बाझ्दैन। मुक्तिको योजना अलि अलि गरेर व्याख्या गरिएको छ। अनि हामीलाई अहिले चाहिने व्याख्या हाम्रो निम्ति दिएको छ (२ पत्रुस १:१९)।

हामीले येशूका बारेमा र हाम्रो निम्ति उहाँले के गर्नुभयो सो पहिलो उत्पत्तिमा उल्लेख गरिएको मुख्य शब्दहरूले हामीलाई बुझाउँछः प्रेम, पाठो, मृत्यु र सर्प।






# उत्पत्ति २२: प्रेम र पाठो





# "जसलाई तिमी प्रेम गर्छौ"

""उहाँले भन्नुभयो, "तेरो छोरो, अर्थात् तिमीले माया गरेको तिम्रो एउटै छोरो इसहाकलाई लिएर मोरीयाहको देशमा गई मैले तिमीलाई देखाएको डाँड़ामा त्यसलाई होमबलि चढाउ।" उत्पत्ति २२:२।

प्रेम! हामीले प्रेमको परिभाषा कसरी दिन्छौं? पापले गर्दा हामीमा पापको व्याख्यानै भ्रष्ट भएको छ। तब परमेश्वरको प्रेमलाई हामी कसरी बुझ्न सक्छौं र, जुन शुद्ध र पवित्र छ?

प्रेम भन्ने शब्द बाइबलमा प्रथम पटक बाबु अब्राहम र उनका छोरा इसहाकसँगको सम्बन्धलाई सम्बोधन गरेको पाइन्छ (उत्पत्ति २२:२)। पहिलो झलकमा जुन सन्दर्भमा सम्बोधन गरिएको थियो। यो डरलाग्दो आदेशसँग जोडिएको थियो: अब्राहमले आफ्नो प्रिय छोरालाई बलि दिनु रे! (भाग्यवस बलि चढाउनु परेन)।



मत्ती ३:१७; मर्कूस १:११ र लूका ३:२२मा उल्लेख गरेको पहिलो प्रेमको शब्दसँग उत्पत्ति २२:२मा उल्लेख गरिएको प्रेमसँग तुलना गर्नुहोस्।

अनि यूहन्नाको सुसमाचारमा प्रेम भन्ने शब्द पहिले उल्लेख गरिएको पनि हामीले छुटाउनु हुन्न (यूहन्ना ३:१६)। अब्राहमलाई आफ्नो छोरोलाई बलि दिनु भन्ने आदेशले परमेश्वरले हामीलाई कतिको प्रेम गर्नु हुन्छ जसले आफ्नै पुत्रलाई बलि चढाउनुभयो ताकि हामी सदाकाल बाँचीरहन सकौं।



# "पाठो खोइ?"

""इसहाकले आफ्ना पिता अब्राहामलाई भने, "बुबा!" तिनले भने, "के हो, छोरा?" त्यसले भन्यो, "यी आगो र दाउरा त छन्, तर होमबलिको थुमाचाहिँ खोइ?" उत्पत्ति २२:७।

पहिलो थुमा उल्लेख गरिएको अपर्झट थिएन (उत्पत्ति २२:७)। प्रकाशको पुस्तकमा उल्लेख गरिएको पाठो यसैमा आधारित थियो (प्रकाश ५:६)।



परमेश्वरले अब्राहमलाई उपलब्ध गराउनुभएको पाठो भेडा नै थियो (उत्पत्ति २२:८,१३)। निस्तार चाडको समयमा पाठोलाई बलि चढाइन्थ्यो। यो पाठो कि भेडा (प्रस्थान १२:३,५) वा बोका थियो। समय बित्दै जाँदा पाठोको अर्थले बलि हुन गएको थियो। बाइबलमा पाठोको प्रतिकलाई अझ विस्तारित गरेको छ:





पाठोले जेठोको मृत्युलाई रोकेको थियो (प्रस्थान १२:१३)



परमेश्वरको दिमागमा यो भेटी थियो भनेर सधैँ याद गर्नुहुन्थ्यो (प्रस्थान २९:३८-४१)



मेरा पापहरूका निम्ति म मर्नुपर्थ्यो (यशैया ५३:६-८)



पाठो को हो भनेर बप्तिस्मा दिने यूहन्नाले परिचित गराएका थिए (यूहन्ना १:२९)

त्यसैकारण, प्रकाशको पुस्तकमा पाठोको बारेमा व्याख्या गर्नु नपर्नुमा हामी छक्क पर्नुहुन्न। पाठो येशूनै हुनुहुन्छ जो मेरा पापहरूका निम्ति बलि हुनुभएको थियो र पितासँग मेरो लागि सधैँ मध्यस्थता गरिरहनुहुन्छ (हिब्रू ७:२५)।

"मुक्तिको रहस्य बुझ्न स्वर्गदूतहरूका निम्ति कठिन थियो। सारा स्वर्गका सेनापति, परमेश्वरका पुत्र दोषी मानिसको निम्ति मर्नु पर्ने धारणा बुझ्न तिनीहरूका निम्ति अपार थियो। जब अब्राहमलाई आफ्नो छोरोलाई बलि दिन आदेश दिइएको थियो तब सारा स्वर्ग नै बडो चासो लिएर सुनिरहेको थियो। यस आदेश पूरा भएको प्रत्येक कदम स्वर्गले बडो चासो लिएर हेरिरहेका थिए। जब इसहाकले "पाठो खोइ" भनेर सोधे तब "परमेश्वर आफैले उपलब्ध गराउनुहुनेछ" भनेर अब्राहमले जवाफ दिएका थिए। जब छोरोलाई बलि चढाउन बाबुले हात उठाएको थियो तब उनको हात रोकिएको थियो। अनि छोरोको सट्टा भेडा उपलब्ध गराएर बलि चढाइएको थियो। अनि मात्र मुक्तिको रहस्य स्वर्गदूतहरूले स्पष्ट रूपमा बुझ्न सकेका थिए। मानिसको मुक्तिको निम्ति परमेश्वरले अचम्मको प्रावधान बनाउनुभएको थियो।"

**एलेन जी. ह्वाइट, पाट्रियार्क एण्ड प्रोफेटस, पृ. १५५।**

# उत्पत्ति २-३: मृत्यु र सर्प





# "तिमी निश्चयनै मर्नेछौ"

"तर असल र खराबको ज्ञान दिने रूखको फलचाहिँ नखानू, किनभने जुन दिन तिमीले त्यो खान्छौ तिमी निश्चय नै मर्नेछौ।" उत्पत्ति २:१७।





मृत्युको बारेमा परमेश्वरलेनै पहिले उल्लेख गर्नुभएको थियो (उत्पत्ति २:१७)। तर पापको कारणले मात्र मृत्युको अस्तित्व हुनसक्छ (रोमी ५:१२)

मृत्यु प्रायजसो बुढेसकालसँग जोडिएको छ। तर पहिलो मृत्यु त युवा हाबेलको भएको थियो (उत्पत्ति ४:८)। हाबेल धर्मी भएतापनि अधर्मीको हातबाट मारिएको थियो (हिब्रू ११:४; १ यूहन्ना ३:१२)





अधर्मीहरूका हातबाट धर्मीहरू मारिएको कथाहरू इतिहासभरी नै छ (मर्कूस १५:१४)। हाबेलको मृत्युलाई रोक्न सकिएको थिएन तर येशूको आफ्नैं स्वेच्छाले मारिएको थियो (एफिसी ५:२)

हाबेलले गर्न नसकेको काम येशूले गर्नुभएको थियो, उहाँले मृत्युमाथि विजय पाउनुभएको थियो (रोमी ६:९)। प्रकाश १:१८मा उल्लेख गरिएको छ कि उनको हातमा मृत्युको साँचो छ। उहाँले नर्क वा चिहानहरूलाई खोल्न सक्नुहुन्छ।



# "सबै जीवहरूमा सर्प धूर्त थियो"

"परमप्रभु परमेश्‍वरले बनाउनुभएका वन्य पशुहरूमध्ये सर्प सबभन्दा धूर्त थियो। त्यसले स्‍त्रीलाई भन्यो, "के परमेश्‍वरले तिमीहरूलाई बगैँचाको कुनै पनि रूखको फल नखानू भनी भन्‍नुभएको छ?" उत्पत्ति ३:१।

प्रकाशको पुस्तकलाई सर्पलाई अजिङ्गर भनेर सम्बोधन गरिएको छ (प्रकाश १२:३-४)। अजिङ्गर सैतानको प्रतीक हो भनेर पनि हामीलाई बताइएको छ (प्रकाश १२:९)



**अजिङ्गरको प्रतीकको बारेमा चिनाउँदा उसलाई नयाँ प्रतीक पनि थपिएको थियो: सैतान जो पौराणिक सर्प।" त्यो कुन सर्पलाई सम्बोधन गरिएको थियो त?**

हो, पहिलो सर्प बाइबलमा उल्लेख गरिएको उत्पत्ति ३:१मा छ। अदनको बगैँचामा नै सारा संसारलाई धोका दिने सैतान वा सर्प भएको थियो। उसले आदम र हव्वालाई पहिला धोका दिएको थियो।





सैतानको धोका दिने लक्ष्य नै हो भनेर प्रकाशको पुस्तकले हामीलाई बताउँछ। उसले इतिहासभरि सबैलाई धोका दिइरहेको छ र युगको अन्तमा झन उसले सबैलाई धोका दिने लक्षित गरिएको छ (प्रकाश १३:१४)। परमेश्‍वरकै उपस्थितिमा सबैलाई धोका दिने प्रयास उसले गर्नेछ (प्रकाश २०:८)



सैतानको चालबाजीबाट हामी कसरी उम्किने? उसले पहिला कसरी धोका दिए सो बारेमा ज्ञान हामीले अध्ययन गर्नुपर्छ। उनको मूल चालबाजी शताब्दीयौँदेखि परिवर्तन भएको छैन।

एलेन जी. ह्वाइट, म्यानुस्क्रिप्ट रिलिजेज, ठेली १०, पृ. १५६।

"येशूको पहिलो आगमनको बारेमा गरिएका भविष्यवाणीहरू सुसमाचारको पुस्तकले प्रकट गरेको छ। उहाँ मानिसहरूका निम्ति मुक्तिदाता भएर आउनुहुनेछ भनेर भविष्यवाणी गरिएको थियो। पुरानो करारमा पापबाट फर्किने प्रत्येक विधि वा क्षमाको बलिले मुक्तिदाताको आगमनलाई औँल्याएको थियो। उहाँ नै कोशे ढुङ्गा थियो जसले मानिसलाई उचाल्दछ।"